टोखा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
३ नं. प्रदेश, नेपाल

फोन नं. : ०१-४३८५०१३
०१-४३८८४०५

प.सं. :
च.नं. :

मिति : २०७६।७।१४

बिषय :- प्रेस विज्ञप्ति

विगत केही दिनदेखि दैनिकपोष्ट अनलाइन लगायत केही विद्युतीय अनलाइनबाट प्रसारित अपुष्ट समाचारप्रति यस टोखा नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । भ्रष्टाचार जस्तो गम्भीर, अनैतिक र गैरकानूनी कार्यहरुमा सत्य तथ्य विहिन एवं आधारहीन विवरण उल्लेख गरी यस नगरपालिकाको मेयर एवं अन्य जनप्रतिनिधिहरुलाई जोडी विद्युतीय माध्यम अनलाइनबाट समाचार सम्प्रेषण गरिएको प्रति यस नगरपालिका खेद् प्रकट गर्दछ ।

कुनै पनि समाचार लेखन, प्रचारप्रसार गर्नु अघि सत्य तथ्यमा आधारित हुनु अति नै जरुरी छ । देशको चौथो अङ्गको रुपमा मानिएको पत्रकार जगतले निश्चय पनि यो कुरालाई मनन गरेकै हुनु पर्छ तथापी अरुको इज्जतमा धक्का पुऱ्याउने नियत राखी कसैको व्यक्तिगत चरित्र, आचरण, नैतिकता वा ख्यातिलाई होच्याउने गरी चरित्र हत्या गर्नु निश्चय नै वाञ्छनीय हुँदैन । टोखा नगरपालिका हाल विकासको अभियानमा तीव्र अघि बढिरहेको सन्दर्भमा नगरबासीहरुको विकासको चाहनालाई ओझेलमा पार्ने तथा सिङ्गो नगरपालिकाको अभियानलाई जनमानसमा दिग्भ्रमित बनाई आर्जित स्वच्छ छविलाई धमिल्याउने क्रियाकलापमा पोष्ट दैनिक अनलाइन, लगायत केही व्यक्ति, समूह, समेत संलग्न देखिएको हुँदा यस्ता विनातथ्य तथा आधारहीन समाचार संप्रेषण भईरहेमा आवश्यक कानूनी उपचारको लागि अघि वढ्न बाध्य हुनेछ ।

.............................
बच्चुराज बस्याल
प्रवक्ता
टोखा नगरपालिका,
मैजुहिटी काठमाडौं